**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः २४ मई २०२४

समयः १८:५० – १६:०० बजे

**प्रमुख समाचार**

१. लोकसभा चुनावको छैटौं चरणमा भोलि हुने ५८ संसदीय निर्वाचनको लागि मतदान हुनेछ भने पश्चिम बंगालमा ८ सिटमा मतदान हुनेछ।
२. पश्चिम बंगालकी मुख्यमन्त्री ममता व्यानर्जीले २०१० पछि राज्यमा जारी गरिएका सबै ओबीसी प्रमाणपत्र रद्द गर्ने कलकत्ता उच्च न्यायालयको आदेशलाई सर्वोच्च अदालतमा चुनौती दिने बताउनु भएको छ।
३. पद्मश्री पुरस्कार प्रापक वैज्ञानिक डा. एकलव्य शर्मालाई खरसांगमा सम्मान।
४. दार्जीलिङका पत्रकार दीप गजमेर देव ऋषि नारद पुरस्कारद्वारा विभूषित
५. कालेबुङ संरक्षण मञ्चद्वारा जीटीए क्षेत्रका सरकारी कार्यालयहरूमा नेपाली भाषा प्रयोग गरिनुपर्ने मागलाई तीव्र।

**लोकसभा चुनाव- छैठौं चरण**

भोलि हुने ५८ संसदीय निर्वाचन क्षेत्रहरूमा लोकसभा चुनावको छैटौं चरणको लागि तयार छ। यस चरणमा बिहारका आठ लोकसभा सिटए हरियाणाका सबै १० सिटए झारखण्डका चार सिटए दिल्लीका सबै सात सिटए ओडिशामा छए उत्तर प्रदेशमा १४ सिटए पश्चिम बंगालको आठ सिट र जम्मूको एक संसदीय निर्वाचन क्षेत्र छ। कश्मीरमा चुनाव हुनेछ। मतदान बिहान ७ बजेबाट सुरु हुनेछ। वरिष्ठ भाजपा नेता धर्मेन्द्र प्रधानए मेनका गान्धीए मनोहर लाल खट्टरए संबित पात्राए बांसुरी स्वराज र मनोज तिवारी र कांग्रेस नेता दीपेन्द्र सिंह हुड्डाए कुमारी सेलजाए राज बब्बर र कन्हैया कुमार साथै समाजवादी पार्टीका नेता धर्मेन्द्र यादवलगायत प्रमुख नेताहरूको राजनीतिक भाग्य तय हुनेछ। यसै क्रममा पीडीपी प्रमुख महबूबाको पनि भाग्य मुफ्ती ईवीएममा सील हुनेछन्। यी क्षेत्रमा शान्तिपूर्ण र झन्झटमुक्त मतदान गराउन निर्वाचन आयोगले विस्तृत व्यवस्था गरेको छ। वरिष्ठ नागरिकए अपाङ्गता भएका व्यक्ति लगायत प्रत्येक मतदाताले सहज रूपमा मतदान गर्न पाउने गरी छायाए खानेपानीए र्याम्पए शौचालयए ह्वील चेयरदेखि बिजुलीसम्मका आधारभूत सुविधा उपलब्ध गराइनेछ। राज्यका मुख्य निर्वाचन अधिकारीहरूए जिल्ला निर्वाचन अधिकारीहरू र राज्य मेसिनरीहरूलाई तातो मौसमको अवस्था व्यवस्थापन गर्न पर्याप्त उपायहरू लिन सल्लाह दिइएको छ। कुनै अप्रिय घटना हुन नदिन र स्वतन्त्र र निष्पक्ष निर्वाचन सम्पन्न गर्न मतदान केन्द्रमा सुरक्षा व्यवस्था पनि कडा पारिएको छ।

****** ० ******

**पश्चिम बंगाल छैटौँ चरण चुनाउ**

लोकसभा चुनावको छैटौं चरणको लागि शनिबार देशभर मतदान हुनेछ। यस चरणमाए पश्चिम बंगालको आठ लोकसभा सीटहरूमा पनि मतदान हुनेछ,जहाँ ७६ उम्मेद्वारहरू मैदानमा छन्। यस चरणमा बंगालका बाँकुडाए विष्णुपुरए पुरुलिया, कांथी, तमलुक, मेदिनीपुर, घाटाल र झारग्राम आसनहरूमा मतदान हुनेछ।यस चरणमा प्रमुख उम्मेदवारहरूमा कलकत्ता उच्च न्यायालयका पूर्व न्यायाधीश र तमलुकबाट भाजपा उम्मेदवार अभिजित गांगुली, घाटालका दुई सेलिब्रेटी उम्मेद्वार, तृणमूल कांग्रेसका दीपक अधिकारी उर्फ देव र भाजपाका हिरण चटर्जी समावेश छन्। यी बाहेकए प्रमुख उम्मेद्वारहरूमा मेदिनीपुरबाट तृणमूल कंग्रेस उम्मेद्वार जुन मलिया र भाजपाबाट उनका प्रतिद्वन्द्वी, फेसन डिजाइनरबाट राजनीतिज्ञ बनेका अग्निमित्रा पल सामेल छन्। ७६ उम्मेदवारहरू मध्ये, सबैभन्दा बढी बांकुडा र झारग्रामबाट 13-13, त्यसपछि पुरुलियाबाट 12, मेदिनीपुर, कांथी र तमलुकबाट 9-9 र घाटाल र विष्णुपुरका सात-सात उम्मेदवार चुनावी मैदानमा छन्।२०१६ लोकसभा चुनावमाए भाजपा उम्मेद्वारहरू पाँच निर्वाचन क्षेत्रहरू बांकुड़ाए विष्णुपुरए पुरुलियाए मेदिनीपुर र झारग्रामबाट विजयी भएका थिए। जबकि तृणमूल कांग्रेसका उम्मेदवारले कांथीए तमलुक र घाटाल लोकसभा सीटहरू जितेका थिए। यस चुनावमा भाजपाले पश्चिम बंगाल विधानसभामा विपक्षी दलका नेता सुभेन्दु अधिकारीको परिवारको गढ रहेको कांथी र तमलुकलाई तृणमूलबाट खोस्ने अनि 2019 मा जितेका तीनवटै सिटमा पनि आफ्नो जित कायम राख्ने विश्वास व्यक्त गरेको छ।

****** ० ******

**भारत-नेपाल सीमा**

भोलि २५ मई शनिवार हुन गइरहेको लोकसभा चुनावमा भारत-नेपाल सीमामा एसएसबीद्वारा कडा चौकसीको तारतम्य गरिएको छ। एसएसबी ४७औ बटालियनका अधिकारीहरुले बताए कि अधिकारीहरुको निर्देशमा २३ मई को ५ बजी बेलुकी देखि नै सीमा क्षेत्र पूर्ण रूपले सील गरिएको छ जो चुनावका दिन भोलि शनिवार २५ मई साझ ५ बजे सम्म भारत नेपाल सीमा सील रहनेछ। जहाँ कसैलाई पनि आउनु जानुमा प्रतिबंध लगाइएको छ द्य जुन सुकै वाहनलाई आउनु जानु अनुमति छैन। यध्यप्पी जवानहरुलाई निर्देश दिइएको छ नेपाल अनि भारत बाट २५ मई साँझको ५ बजी सम्म कसैलाई पनि आउनु जानुमा प्रतिबन्ध लगाइएको छ द्य
ेइ का अधिकारीले बताए कि इंडो नेपाल सीमामा बिशेष गरि रातीको समय नाइट विजन द्वारा गस्ती लगाई रहेको छ छ जसमा कसैले पनि खुल्ला सीमाको फायदा नउठावोस। अधिकारिहरु अनि जवानहरुलाई बिशेष निर्देश दिएको छ ताकि लोकसभा चुनाव शांतिपूर्ण संपन्न गराउन सकियोस्।

****** ० ******

**ममता व्यानर्जी ओबीसी**

पश्चिम बंगालकी मुख्यमन्त्री ममता व्यानर्जीले 2010 पछि राज्यमा जारी गरिएका सबै ओबीसी प्रमाणपत्र रद्द गर्ने कलकत्ता उच्च न्यायालयको आदेशलाई सर्वोच्च अदालतमा चुनौती दिने बताएकी छन्। दक्षिण 24 परगाना जिल्लाको सागरमा एउटा चुनावी ऱ्यालीलाई सम्बोधन गर्दै उहाँले उक्त कुरा भन्नु भएको हो। राज्य सरकारले गर्मीको छुट्टीपछि हाईकोर्टको आदेशको विरोधमा सर्वोच्च अदालतमा अपील गर्ने भएको छ। मुख्यमन्त्री ममता व्यानर्जीले भन्नुभयो- हामी ओबीसी प्रमाणपत्र रद्द गर्ने आदेशलाई मान्दैनौँ। हामी गर्मीको छुट्टीपछि सर्वोच्च अदालतमा अपील गर्नेछौँ।उल्लेखनीय छए कलकत्ता हाईकोर्टले बुधवार आरक्षणमाथि ठूलो फसेला सुनाउँदै 2010 पछि राज्यमा जारी गरिएका सबै ओबीसी प्रमाण-पत्रहरूलाई खारेज गरिदिएको थियो। न्यायाधीश तपब्रत चक्रवर्ती अनि राजशेखर मन्थाको खण्डपीठले बुधवार ओबीसी प्रमाण-पत्र दिने प्रक्रियालाई चुनौती दिँदै दर्ता गरिएको एउटा जनहित याचिकामाथि सुनवाई गर्दै यो फसेला सुनाएको हो।पश्चिम बंगाल पछयौटे वर्ग आयोग अधिनियम 1993 को आधारमा ओबीसी -को नयाँ सूची पश्चिम बंगाल पछयौटे वर्ग आयोगद्वारा नै तयार गर्ने कोर्टले निर्देशसमेत दिएको छ।

****** ० ******

**किराँत खम्बु राई साँस्कृतिक संस्थान मिरिक**

कलकत्ता हाइ कोर्टले २०१० पछि जारी गरिएको ओबीसी प्रमाण पत्रलाई अवैध घोषित गरेपछि प्रतिक्रिया व्यक्त गर्दै किराँत खम्बु राई साँस्कृतिक संस्थान मिरिक महकुमाले कलकत्ता हाइ कोर्टको उक्त निर्णयलाई हामीले सकरात्मक लिएका छो भनी बताएका छन्। संस्थानको मिरिक महकुमा समितिका प्रवक्ता राजीव राईले उक्त प्रतिक्रिया व्यक्त गर्नु हुँदै हामी खाटी जनजाति होउ अनि हामीले लामो समयदेखि जनजातिको माग गरिरहेका छओउ भनी बताउनु भयो। उहाँले हामीलाई चाहिएको जनजाति हो। ओबीसी होइन। उनले शीघ्र नै केन्द्र सरकारले खम्बु राईहरू लगायत पहाडका एघार जातिलाई जनजातिको दर्जा प्रदान गर्छ भन्ने कुरामा आशावादी रहेको बताउनु भयो।

****** ० ******

**डा. एकलव्य शर्मा**

भारतका राष्ट्रपति द्रौपदी मुर्मुको बाहुलीबाट हालैमा पद्मश्री पुरस्कार पाएका खरसंगका वैज्ञानिक डा. एकलव्य शर्मालाई सन्त अल्फन्सेस विद्यालयमा एक कार्यक्रममा सम्मान गरिएको छद्य उहाँ खरसंगको सन्त मेरी निवासी साथै यस विद्यालयका पूर्व छात्र हुन्। कार्यक्रममा विद्यालयको तर्फबाट डा. एकलव्य शर्मालाई सेन्ट अल्फोनसस उच्चत्तर माध्यमिक विद्यालयका प्रिन्सिपल फादर केभिन मोक्तानले सम्मान पत्र प्रदान गरी सम्मान गर्नु भएको छ।कार्यक्रमलाई सम्बोधन गर्नु हुँदै डा एकलव्य शर्माले यस

विद्यालयका पूर्व शिक्षकहरुको सम्झना गर्दै उहाँहरुकै कारणले गर्दा आफु यस विद्यालयमा बिताएका धेरै सम्झनाहरूबारे पनि बताउनु भयो । उहाँले जीवनको जग स्कुलबाट सुरु हुने बताउनु भयो। हामीले जीवनमा जे गरे पनि त्यसको पहिचान अवश्य हुन्छ । यस संसारमा सबै कुरा सम्भव छए  तर यसमा एकाग्रता चाहिन्छ। कुनै पनि काम गर्दा राम्रो सोचका साथ गर्नुपर्छ । राम्रो नियतले काम गर्नुभयो भने भगवानले पनि साथ दिन्छन् भनी नभन्नु भयो | पद्मश्री अवार्डको स्मरण गर्नु हुँदै उहाँले भन्नु भयोए  ष्काम गर्दा मैले अवार्ड पाउँछु भन्ने सोचेर काम गरेको होईन तर मेरो  मेहनत र समर्पणले मलाई यो स्थानमा कसरी पुर्यायो थाहा छैन । यो भगवानको कृपा हो।शिक्षाको महत्वलाई उजागर गरन हुँदै  उहाँले विशेष गरी विद्यालयका बालबालिकाहरुलाई जीवनमा केही हासिल गर्न सानो सोचले होइन ठूलो सोचका साथ काम गर्न सुझाव दिनु भयो। उहाँले बालबालिकालाई वातावरण संरक्षणमा विशेष ध्यान दिन आग्रह समेत गर्नु भयो। यस अवसरमा विद्यालयले पावर प्वाइन्टमार्फत डा एकलव्य शर्माको जीवनका विभिन्न झलकहरू पनि देखाएको थियो ।कार्यक्रममा जेनिफर जर्जले डा शर्माको जीवनीबारे जानकारी दिनुभयो। सन्त अल्फोनसस उच्चत्तर माध्यमिक विद्यालयका प्रिन्सिपल फादर केभिन मोक्तानले यस विद्यालयका पूर्व छात्रलाई पद्मश्री पुरस्कारबाट सम्मानित गर्न पाउनु हाम्रा लागि निकै खुसीको कुरा भएको बताउनु भयो। आगामी दिनमा पनि यस विद्यालयबाट यस्ता असाधारण प्रतिभा भएका विद्यार्थीहरू आउनेछन् भन्ने आशा लिएको छु । यस क्रममा उनले डा एकलव्य शर्माको उज्ज्वल भविष्यको कामना पनि गर्नु भयो ।कार्यक्रमको संचालन शिक्षक दिव्यत्तम अधिकारी र जेनिफर जार्गेले गरेका थिए । सो अवसरमा विद्यालयका छात्राहरुले स्वागत नृत्य प्रस्तुत गरेका थिए भने विद्यालयका उप प्रधानध्यापक फादर डेभिडले कार्यक्रमलाई सफल बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्नेहरुप्रति आभार व्यक्त गर्नु भएको छ ।

****** ० ******

**देव ऋषि नारद सम्मान**

दार्जीलिङका पत्रकार एवं दार्जीलिङ प्रेस गिल्डका अध्यक्ष दीप गजमेर देव ऋषि नारद सम्मानद्वरा विभूषित हुनु भएको छ। विश्व संवाद केन्द्र दार्जीलिङको तत्वावधानमा दार्जीलिङको गोर्खा दुःख निवारक सम्मेलन भवनको पुस्तकालयमा  आयोजित एक कार्यक्रममाझ नै पत्रकार दीप गजमेरलाई यो पुरस्कार प्रदान गरियो । यस कार्यक्रममा अध्यक्षको भार मेघराज छेत्रीले निभाएका थिए भने कार्यक्रममा विशिष्ठ अतिथिहरुमा क्रमैले मदन कुमार सुब्बा एनरेन्द्र शर्माए अशोक चौरासियाको उपस्थित रहेका थिए । सम्मान कार्यक्रममा देवर्षि नारद जयन्ती तथा पत्रकार अंलकरण समारोह विषयमा अशोक चौरासियाले प्रकाश पार्नु भएको थियो। नेपाली साहित्यका लब्ध प्रतिष्ठित गीतकार एवं कवि दल सिह अकेलाले कविता वाचन गरिएको कार्यक्रममा पत्रकार गायक सुनिल शंकरले गीत प्रस्तुत गर्नु भएको थियो । दार्जीलिङका पत्रकारए  साहित्यकार लगायत उपस्थित अतिथिहरुबीच   पत्रकार दिप गजमेरलाई दोसल्ला ओडाएर स्मृति चिन्ह हस्तान्तरण गर्दै यस वर्षको महर्षि नारद सम्मानद्वारा सम्मानित गरियो ।  कार्यक्रमलाई सञ्चालन पत्रकार सिवानी छेत्रीले गर्नु भएको थियो ।

****** ० ******

**एनबीयू- धरना**

उत्तरबंग विश्वविद्यालयकी शोधार्थीको आत्महत्याको घटनालाई लिएर उत्तरबंग विश्वविद्यालयमा गत एक हप्तादेखि हंगमा चलिरहेको छ। उत्तरबंग विश्वविद्यालयका आरोपी प्रोफेसरलाई सजाय दिनु पर्ने माग गर्दै एबीभीपी-ले आजदेखि विश्वविद्यालयको प्रशासनिक भवन अघि अनिश्चितकालीन धरना कार्यक्रम शुरू गरेको छ। यस अवधि एबीभीपी केन्द्रीय कमिटीका सदस्य शुभब्रत अधिकारी मृतकको परिवारका सदस्यहरूसित विश्वविद्यालय अघि धरनामा बसे। उनले प्रोफेसर सिद्धार्थ शंकर लाहालाई हटाउनु पर्नेए  विभागीय जाँच गरेर उनलाई पक्राउ गरिनु पर्ने माग गरेका छन्। उनले पुलिसले आरोपीलाई अझसम्म पनि पक्राउ गरेको छैन। घटनालाई लिएर राज्यपाललाई समेत पत्र पठाइसकेका छौ। अब आउँदो दिनमा राष्ट्रीय महिला आयोगलाई पनि उक्त घटनालाई लिएर अवगत गराउनेछौ भनी बताउनु भयो।

****** ० ******

**कालेबुङ कुमुदिनी विद्याश्रम**

कालेबुङको प्रसिद्ध स्कूल कुमुदिनी विद्याश्रमको ९० औं स्थापना दिवस विविध कार्यक्रमको साथ सम्पन्न गरिएको छ। स्कूलका संस्थापक स्वर्गीय टीकाराम शर्माको सालिगमा सर्वप्रथम श्रद्धाञ्जली अर्पण गरिएपछि स्कूलको गीत स्वागत गीतको रूपमा प्रस्तुत गरियो। आर के प्रधानले स्वागत सम्बोधन राख्नु भएको कार्यक्रममा स्कूलको वार्षिक प्रतिवेदन शिक्षक भूपेन कार्थकले प्रस्तुत गर्नु भएको थियो । यसैबीच स्कूलको एनसीसीए पाईप ब्यान्डद्वारा मार्चपास रोचक ढंगमा प्रस्तुत गरेर दर्शकको मन जित्न सफल भएको थियो। स्कूलको यस वर्षको बोर्ड परिक्षा अनि बार्षिक परिक्षामा प्रथम दर्जा हासिल गर्ने उत्कृष्ट विद्यार्थीहरुलाई सम्मान जनाइयो। स्कूलका विद्यार्थीहरुद्वारा गीतए नृत्य आदि प्रस्तुत गरियो। स्थापना दिवसको मुख्य आकर्षणको रूपमा पुष्पन प्रधानको उत्कृष्ट सांगीतिक प्रस्तुति रहेको थियो। कार्यक्रममा कालेबुङका विधायक रूदेन लेप्चाए सभासद सुमन प्रधानए पञ्चायत समिति सभापति ममता गुरुङए सदस्य रोसन दाहाल लगायत जन प्रतिनिधिहरु अभिभावक विद्यार्थीहरुको उपस्थिति रहेको थियो।

****** ० ******

**स्वास्थ्य जाँच शिविर तीनधारे**

खरसाङ खण्ड स्वास्थ्य केन्द्र सुकनाको आयोजनामा तीनधारेमा नि:शुल्क स्वास्थ्य जाँच शिविरको आयोजना गरिएको छ। तीनधारेको मिठाईडाँड़ास्थित प्रगति समाजको सार्वजनिक भवनमा सम्पन्न उक्त नि:शुल्क स्वास्थ्य जाँच शिविरमा तीनधारे र वरिपरिका ३०० देखि ४०० मानिसहरूले नि:शुल्क स्वास्थ्य जाँच गराए। उक्त स्वास्थ्य जाँच शिविरमा विभिन्न प्रकारका साधारण रोगहरू लगायत मधुमेहए रक्तचापए टीबीए एचआईभी जस्ता रोगहरूको पनि जाँच गरिएको थियो। यसको साथै विभिन्न रोगहरू विषयमा सचेतना पनि गराइएयो। उक्त शिविरमा साधारण रोग विशेषज्ञए आँखा र दाँतको डाक्टर उपस्थित रहेका थिए। साथै विभिन्न रोगका औषधिहरू पनि नि:शुल्क वितरण गरिएको जानकारी प्राप्त भएको छ।

यस नि:शुल्क स्वास्थ्य जाँच शिविरमा खरसाङ खण्ड स्वास्थ्य अधिकारी डाक्टर चित्रलेखा सरकारए तीनधारे महानदी समष्टिको सभासद नवराज छेत्रीए घैयाबारी ग्राम पञ्चायत दुईको पञ्चायत प्रधान भगवती प्रधान र उप प्रधान रञ्जित थापाए सामाजिक कार्यकर्ता बिनयकुमार छेत्री लगायत अन्यहरू उपस्थित रहेका थिए। स्वास्थ्य जाँच शिविरमा मिठाईडाँड़ा रेणुका कन्या उच्च माध्यमिक विद्यालयका विद्यार्थीहरूले पनि स्वास्थ्य जाँच गराएको खरसाङ खण्डको स्वास्थ्य अधिकारी डाक्टर चित्रलेखा सरकारले बताउनु भएको छ।

****** ० ******

**सिलगढी मेयर**

सिलगढी नगर निगमले शहरका जीर्ण अवस्थामा पुगेका नदीहरूलाई तिनीहरूको पुरानै लयमा फर्काइ ल्याउनका लागि पहल शुरू गरेको छ। महानन्दा एक्शन प्लान अन्तर्गत नगर निगमले सिलगढी शहर लगायत यसको संलग्न ठाउँहरूमा रहेका नदीहरूको सफाई कार्य शुरू गरेको छ। आज सिलगढीका मेयर गौतम देवले उक्त कार्यको घटनास्थलमा नै पुगेर निरीक्षण गर्नुभयो। यस अवसरमा मेयर गौतम देव सहित उपमेयर रञ्जन सरकारए सम्बन्धित विभागका मेयर परिषद माणिक दे लगायत अन्य व्यक्तिहरूले नदीहरूको निरीक्षण गरे। यस अवधि मेयर परिषद माणिक दे-ले भन्नुभयोए शहरमा पानीको समस्या समाधान गर्नका लागि प्रयास चलिरहेको छ। प्राप्त जानकारी अनुसारए नदीको सफाई सँगै नदी संलग्न इलाकाको सौन्दर्यीकरणलाई लिएर नगर निगम क्षेत्रमा पहिलो चरणमा मोठ 10 करोड रूपियाँको काम भइरहेको छ।

****** ० ******

**सिलगढी मृत्यु**

कुवाको सफाई गरिरहेको समय विषालु ग्यासले दुई जना व्यक्तिको मृत्यु भएको छ भने एकजनाको गम्भीर अवस्थामा अपचार चलिरहेको छ। घटना आज सिलगढी संलग्न फाँसीदेवा ब्लकको घोषपुकुरअन्तर्गत कमला चिया बगानको बोमरा लाइन क्षेत्रमा भएको हो। जानकारी अनुसारए एउटा परित्यक्त कुवाको सफाई गर्नका लागि तीन जना व्यक्ति कुवाभित्र पसेका थिए। तरए केही समय बितिसक्दा पनि उनीहरूको कुनै प्रतिक्रिया नपाउँदा तत्कालै स्थानीयहरूले घोषपुकुर आउट पोस्ट पुलिसलाई खबर गरे। खबर पाएर मतिगढा अनि सिलगढी दमकल विभागका कर्मचारीहरू घटना स्थलमा पुगेका थिए। यसपछि तिनीहरूले पंखा अनि पाइपको सहायतामा अक्सिजन दिएपछि तीनजनामध्ये एक जनाको होश आयो। तिनीहरूलाई यसपछि तुरन्तै घटनास्थलबाट उद्धार गरेर फाँसीदेवा ग्रामीण अस्पतालमा लगियोए जहाँ चिकित्सकहरूले दुवै जनालाई मृत घोषित गरिदिए। मृतकहरूको नाम आशिक टोप्पो र विजय कुजूर रहेको बताइएको छ। यसैगरीए गम्भीर अवस्थामा रहेका एकजनालाई उत्तरबंग मेडिकल कलेज एवं अस्पतालमा भर्ना गरिएको छ। पुलिसले शवहरूलाई उद्धार गरेर पोस्टमार्टमको लागि उत्तरबंग मेडिकल कलेज एवं अस्पतालमा पठाइदिएको छ।

****** ० ******

## दार्जीलिङ नारद पुरस्कार

दार्जीलिङका पत्रकार एवं दार्जीलिङ प्रेस गिल्डका अध्यक्ष दीप गजमेर देव ऋषि नारद पुरस्कारद्वारा विभूषित भएका छन्। विश्व संवाद केन्द्र दार्जीलिङको तत्वावधानमा दार्जीलिङको गोर्खा दुःख निवारक सम्मेलन भवनमा आयोजित एक कार्यक्रममाझ नै गजमेरलाई यो पुरस्कार प्रदान गरिएको हो। जसमा दार्जीलिङका पत्रकारहरूका साथै विशिष्ट व्यक्तित्वहरूको उपस्थिति रहेको थियो। विश्व संवाद केन्द्रले गत वर्षदेखि विशेष पत्रकारहरूलाई यो पुरस्कार प्रदान गरेर उनीहरूको हौसला बढ़ाउने कार्य शुरू गरेको होए जसअनुसार नै यसपालि दीप गजमेरलाई यो पुरस्कार प्रदान गरिएको हो।

****** ० ******

## कालेबुङ संरक्षण मञ्च

कालेबुङ संरक्षण मञ्चले जीटीए क्षेत्रका सरकारी कार्यालयहरूमा नेपाली भाषा प्रयोग गरिइनुपर्ने साथै कालेबुङ टाउन हलको नाम रामकृष्ण रङ्गमञ्च आधिकारिक रूपमा राखिनुपर्ने मागलाई तीव्र रूपमा अघि बढाइरहेको छ। केही दिनअघि उक्त विषयमा मञ्चले कालेबुङ जिल्लापालाई ज्ञापनसमेत बुझाएको थियो भने आज मञ्चका प्रतिनिधिहरूले उक्त माग गर्दै कालेबुङ शहरका विभिन्न स्थानहरूमा पोस्टरिङ गरे।यस अवधि क्रामाकपाए गोजमुमोए गोरामुमोए गोरानिमोए भाजपाए कंग्रेस, कृषक कल्याण संगठन, गोर्खा गौरव संस्थान, बार एसोसिएसन आदिका प्रतिनिधिहरूले सहभागिता जनाएका थिए। मञ्चको पक्षमा गोजमुमो केन्द्रीय समिति प्रवक्ता अनिल लोप्चनले संवैधानिक मान्यताप्राप्त नेपाली भाषालाई प्रयोग गर्नदेखि सरकारले वञ्चित गरेको आरोप लगाउँदै जीटीएका सम्पूर्ण सरकारी कार्यालयमा नेपाली भाषाको प्रयोग गरिनुपर्ने बताउनु भयो।

****** ० ******

## रेमल चक्रवात

'रेमल' चक्रवात पश्चिम बंगालको तटीय क्षेत्रहरुमा प्रवेश गरि बंगालको खाड़ीमा झन तीव्र भएको छ। समुद्रमा बनेको दबाव क्षेत्र अझ सघन भएर एक भीषण चक्रवाती तूफानको रूपमा परिणत हुने संभावना छ। यो तुफान २६ मईको मध्यरात्रि पश्चिम बंगालको सागर द्वीप र बांग्लादेशको खेपुपाड़ा बीच अग्रसर हुने अनुमान छ।मौसम विभाग अनुसार यो चक्रवाती तूफानले गर्दा 26 र 27 मईमा पश्चिम बंगालका तटीय जिल्लाहरुमा भारी वर्षा हुने संभावना छ।26 र 27 मईमा कोलकाताए दक्षिण र उत्तर 24 परगनाए पूर्व मेदिनीपुर र हावड़ा जिल्लामा भीषण वर्षा हुने मौसम विभागले चेतावनी दिएको छ।यस प्री-मनसून सीजनमा बंगालको खाड़ीमा यो पहिलो चक्रवात हो।

****** ० ******